# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १०] काठमाडौं ज्येष्ठ २३ गते २०१७ साल [अतिरिक्ताङ्क ५

श्री ५ को सरकार

### कानून मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवका शासन कालको छैटौं वर्षमासंसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ।

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि बिविध बिरुदाबली बिराजमान-मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपाल तारा अति ओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीरविक्रम जंगबहादुर शाहबहादुर शमशेर जंगदेवानाम् सदा समरविजयिनाम् ।

## विदेशी विनिमयको सटही नियन्त्रण गर्ने व्यवस्थाको निमित्त बनेको ऐन

२०१७ सालको ऐन नं. ७

नेपालका नागरिकहरूको आर्थिक हितकोनिमित्त विदेशी विनिमयको सटही नियन्त्रण गर्ने व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवका शासनकालको छैटौं वर्षमा संसदले यो ऐन बनाएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

969

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम विदेशी विनिमय सटही नियन्त्रण ऐन, २०१७ रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो दफा तुरुन्त प्रारम्भ हुनेछ र अरू दफा जुन जुन क्षेत्रमा जुन जुन मितिदेखि प्रारम्भ गरिएको छ भनी श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित सूचनामा तोकि दिएको हुन्छ सो सो क्षेत्रमा सो सो मितिदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "मुद्रा" भन्नाले सबै किसिमको सिक्का, नोट, बैंकनोट, पोष्टलनोट, मनिअार्डर, चेक, ड्राफ्ट, ट्राभलर्स चेक, प्रतीतपत्र (लेटर अफ् क्रेडिट्), बिल अफ् एक्सचेंज र प्रोमिसरी नोटलाईसमेत जनाउँछ ।

(ख) "विदेशी मुद्रा" भन्नाले नेपाली मुद्रा बाहेक अन्य मुद्रा सम्झनु पर्छ ।

(ग) "विदेशी सेक्यूरिटी" भन्नाले नेपाल अधिराज्य बाहिर उत्पन्न भएको जुनसुकै सरकारी ऋण पत्र र नेपाल अधिराज्य बाहेक अन्यत्र वा कुनै विदेशी मुलुकमा सावां वा व्याज भुक्तानी हुन सक्ने जुनसुकै सरकारी ऋणपत्र सम्झनु पर्छ ।

(घ) "विदेशी शेयर" भन्नाले विदेशको शेयर, स्टक, बण्ड, डिवेञ्चर, डिवेञ्चर स्टक, लाभांश पूर्जा वा शेयर डिपोजिट रहेको भरपाईलाईसमेत जनाउँछ ।

(ङ) "विदेशी विनिमय" भन्नाले विदेशी मुद्रा सम्झनु पर्छ र यो शब्दले विदेशी मुद्रामा भुक्तानी हुन सक्ने सबै किसिमको डिपोजिट, क्रेडिट् र मौजदात र विदेशी सेक्यूरिटी, विदेशी शेयर, नेपाली मुद्रामा उल्लेखित तर विदेशी मुद्रामा भुक्तानी हुने वा हुन सक्ने जुनसुकै ड्राफ्ट, ट्रेभेलर्स चेक, प्रतीतपत्र (लेटर अफ् क्रेडिट्) र बिल अफ् एक्सचेंजलाईसमेत जनाउँछ ।

(च) "इजाजतपत्र प्राप्त व्यक्ति" भन्नाले विदेशी विनिमयको सटही कारोबार गर्न दफा ३ को उपदफा (१) अन्तर्गत अधिकार पाएको व्यक्ति सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. विदेशी विनिमयमा सटही कारोबार गर्न इजाजतः– (१) विदेशी विनिमयमा सटही कारोवार गर्न चाहने व्यक्तिले नेपाल राष्ट्र बैंकले तोके बमोजिमको विवरण खोली इजाजतपत्रका लागि नेपाल राष्ट्र बैंकमा दर्खास्त दिनु पर्छ । त्यस्तो दर्खास्त पर्न आएमा नेपाल राष्ट्र बैंकले दर्खास्त गर्ने व्यक्तिलाई विदेशी विनिमयमा सटही कारोवार गर्न पाउने इजाजतपत्र दिन सक्छ । त्यस्तो इजाजतपत्र प्राप्त गर्दा वार्षिक ने. रु. १०० मा नबढाई नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिम दस्तूर बुझाउन पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) अन्तर्गत इजाजतपत्र दिंदा नेपाल राष्ट्र बैंकले कुन वा कुन कुन किसिमको कुन वा कुन कुन विदेशी विनिमयमा सटही कारोवार कति अवधिसम्म गर्न पाउने भन्ने कुरा र आवश्यक अन्य शर्तसमेत तोकिदिनेछ ।

(३) उपदफा (१) बमोजिम दिएको इजाजतपत्र वा उपदफा (२) बमोजिम इजाजतपत्रमा तोकिदिएको कुनै अधिकार आवश्यक देखेको अवस्थामा नेपाल राष्ट्र बैंकले खारेज गर्न वा झिक्न वा बदल्न वा सीमित गर्न सक्नेछ ।

(४) विदेशी विनिमयमा सटही कारोवार गर्न इजाजतपत्र प्राप्त व्यक्तिलाई सटही कारोवारको सम्बन्धमा नेपाल राष्ट्र बैंकले समय समयमा विशेष वा सामान्य आदेश वा निर्देश दिन सक्नेछ र त्यसरी दिएको आदेश वा निर्देशको पालना गर्नु प्रत्येक इजाजतपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

(५) इजाजतपत्रमा तोकी दिएको कुनै कुरा वा शर्त वा उपदफा (४) अन्तर्गत दिइएको आदेश वा निर्देश उल्लंघन हुने गरी विदेशी विनिमय सटही सम्बन्धी कुनै काम गर्न हुँदैन ।

(६) कुनै इजाजतपत्र प्राप्त व्यक्तिले कुनै व्यक्तिलाई विदेशी विनिमय सटही गरिदिंदा त्यस्तो सटही के कस्तो कामको लागि चाहेको हो र कति सटही गर्न चाहेको हो सो कुरा र सटही गर्ने व्यक्तिको नाम, थर, वतनसमेत स्पष्ट खुलेको नेपाल राष्ट्र बैंकले तोकिदिएको ढांचाको दर्खास्तमा रीतपूर्वक सहिछाप गराईमात्र सटही गरिदिन सक्ने व्यवस्थागर्न र त्यस्तो दर्खास्त दाखिल नगर्ने वा त्यसमा रीतपूर्वक सहिछाप नगर्ने व्यक्तिलाई इजाजतपत्र प्राप्त व्यक्तिले विदेशी विनिमय सटही गरी नदिने व्यवस्था गर्न नेपाल राष्ट्र बैंकले सक्नेछ ।

(७) कुनै व्यक्तिले कुनै विदेशी विनिमय सटही गरी लिने वा दिने कामको निमित्त पटके इजाजत माग्न आएमा नेपाल राष्ट्र बैंकले निजलाई सो कामको पटके इजाजत दिन सक्नेछ । त्यसरी पटके सटही गरी लिने दिने सम्बन्धमा पनि उपदफा (१), (२), (३), (४), (५) र (६) लागू हुनेछ ।

४. विदेशी विनिमयमा सटही कारोवार गर्नमा नियन्त्रण:– (१) नेपाल राष्ट्र बैंकबाट अगावै इजाजत नलिई इजाजतपत्र प्राप्त व्यक्ति बाहेक अरू कुनै व्यक्तिसंग कुनै विदेशी विनिमय सटही गरी लिन वा निजलाई सटही गरी दिन हुँदैन ।

(२) समय समयमा नेपाल राष्ट्र बैंकले तोकिदिएको सटही दरमा फरक पारी कुनै व्यक्तिले विदेशी विनिमय सटही गरी लिन दिन हुँदैन ।

तर– यस्तो दर नेपाल राष्ट्र बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०१२ अनुसार श्री ५ को सरकारबाट तोकिदिएको सटही दरको परिधिभित्र रही तोक्नेछ ।

963

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. निरीक्षणः– (१) श्री ५ को सरकार वा नेपाल राष्ट्र बैंकले जुनसुकै समयमा आफ्ना एक वा एकभन्दा बढी अफिसर खटाई कुनै इजाजत वा इजाजतपत्र प्राप्त व्यक्तिको हिसाब किताब र अरू लिखतहरू निरीक्षण गराउन सक्छ । यस्तो काम श्री ५ को सरकारबाट गराउँदा नेपाल राष्ट्र बैंकलाई सूचना दिनेछ ।

(२) उपदफा (१) अन्तर्गत निरीक्षण गर्न खटिई आएका अफिसरले दिएको म्यादभित्र निजले मागे बमोजिमको विदेशी विनिमयको सटही कारोवार सम्बन्धी आफ्नो जिम्मा वा नियन्त्रणमा रहेको सबै हिसाब किताब र अरू लिखतहरू निजछेउ दाखिल गर्नु र निजले मागे बमोजिमको त्यस्तो सटही कारोवार सम्बन्धी विवरण वा खबर दिनु प्रत्येक इजाजत वा इजाजतपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ । इजाजत वा इजाजतपत्र प्राप्त व्यक्ति कुनै कम्पनी वा फर्म रहेछ भने त्यस्तो हिसाब किताब, लिखत, विवरण वा खबर सो कम्पनीको प्रत्येक डाइरेक्टर, संचालक, वा यस कामसंग सम्बन्धित हिस्सेदार वा अधिकारीले दाखिल गर्नु वा दिनु पर्नेछ ।

(३) उपदफा (१) अन्तर्गत निरीक्षण गर्न खटिएका अफिसरले कुनै इजाजत वा इजाजतपत्र प्राप्त व्यक्ति वा निजको एजेण्टलाई वा इजाजत वा इजाजतपत्र प्राप्त व्यक्ति कम्पनी वा फर्म रहेछ भने त्यसको डाइरेक्टर, संचालक, हिस्सेदार वा अधिकारीलाई धर्म भकाई सोध पूछ गर्न सक्नेछ ।

(४) उपदफा (२) अन्तर्गत दाखिल गर्नु पर्ने कुनै हिसाब किताब लिखत वा दिनु पर्ने कुनै विवरण वा खबर कुनै व्यक्तिले दाखिल नगरेमा वा नदिएमा वा यस दफा अन्तर्गत निरीक्षण गर्न जाने अफिसरले सोधेको कुनै प्रश्नको उत्तर कुनै व्यक्तिले नदिएमा निजले यो ऐनको कुरा उल्लंघन गरेको मानिनेछ ।

६. श्री ५ को सरकारको निर्देश दिने अधिकारः– यस ऐनकोप्रयोजनको लागि आवश्यक संझेमा श्री ५ को सरकारले नेपाल राष्ट्र बैंकलाई समय समयमा सामान्य वा विशेष निर्देश दिन सक्नेछ र नेपाल राष्ट्र बैंकले यस ऐन अन्तर्गतको काम कुरा गर्नको लागि त्यस्तो कुनै निर्देशको पालन गर्नु पर्नेछ ।

७. दण्ड सजायः– (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा आदेश वा निर्देशका कुनै कुराको विपरीत कुनै व्यक्तिले कुनै काम गरेमा वा यस ऐनको उल्लंघन गरेमा सो उल्लंघन वा विपरीत काम गरे वापत भएका कसूरसंग सम्बन्धित निजको विदेशी विनिमय जफत हुनेछ र त्यस्ता व्यक्तिलाई दुइवर्षसम्म कैद वा दुई हजार रुपैयांसम्म जरिवाना वा दुबै सजाय हुन सक्नेछ ।

(२) यो ऐन अन्तर्गत सजाय हुने कसूर कुनै कम्पनी वा संगठित संस्था वा फर्मबाट भएकोमा सो कसूर हुँदाको बखत सो कम्पनी वा संगठित संस्था वा फर्मको सो कसूर संग सम्बन्धित कामको जिम्मा लिने डाइरेक्टर वा मेनेजर वा सेक्रेटरी वा अन्य अधिकारी सजायको भागी हुनेछ ।

१६०४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर– कसूर भएको कुरा निजलाई जानकारी छैन वा सो कसूर रोक्न निजले सकभर प्रयत्न गरेको हो भन्ने कुरा मुद्दा हेर्ने अदालतलाई चित्त बुझ्ने प्रमाण पेश गर्न सकेमा निजलाई यस उपदफाका कुरा लागू हुनेछैन र त्यस्तो सजायको जवाफदेही त्यस्तो कम्पनी वा संगठित संस्था वा फर्मले गर्नेछ ।

(३) यो ऐन वा यस ऐन अन्तर्गतका नियम वा आदेश वा निर्देश वा इजाजत वा इजाजतपत्रको विपरीत काम गरेको वा यस ऐनको उल्लंघन गरेको अभियोग लागी कुनै व्यक्ति उपर मुद्दा चलेको वा कानूनी कारवाई भएकोमा सो काम इजाजत वा इजाजतपत्र वा यो ऐन वा यस ऐन अन्तर्गतका नियम वा आदेश वा निर्देश अनुसार गरिएको हो वा विपरीत काम वा उल्लंघन गरेको होइन भन्ने कुरा प्रमाणित गर्ने अभिभारा सोही अभियुक्त उपर रहनेछ ।

८. उजूर गर्नेः– यो ऐन वखिलाफ कुनै व्यक्तिबाट कुनै काम भएकोमा त्यसको उजूरी नेपाल राष्ट्र बैंकले जिल्ला अदालतमा दिन सक्नेछ । उजूरी दिने अधिकार श्री ५ को सरकारको पनि सुरक्षित रहनेछ र सो अधिकार श्री ५ को सरकारले समय समयमा आफू मातहतका अधिकारीलाई पनि सुम्पन सक्नेछ ।

९. खबर गरेमा इनामः–यो ऐन वा यस ऐन अन्तर्गतका नियम वा आदेश वा निर्देश वा इजाजत वा इजाजतपत्रको विपरीत काम कुनै व्यक्तिबाट भएको छ भनी कुनै व्यक्तिले श्री ५ को सरकार वा नेपाल राष्ट्र बैंक वा श्री ५ को सरकारबाट अधिकार प्राप्त अधिकारीमा सप्रमाण खबर गऱ्यो र सो कुरा अदालतबाट पनि ठहर भयो भने अभियुक्तबाट असूल उपर भएका जरिवानाको सयकडा २५ सम्म वा अभियुक्तबाट जफत भएको विदेशी विनिमयको नेपाली मुद्रामा हिसाब लगाई सो अंकको सयकडा ५ सम्ममा जुन बढी हुन्छ सो अंक सो उजुरवालालाई श्री ५ को सरकारले इनामको रूपमा दिन सक्नेछ ।

१०. मुद्दा हेर्ने अधिकारः– यस ऐन अन्तर्गतको प्रत्येक मुद्दामा उजूरी सुनी शुरू कारवाई र किनारा गर्ने अधिकार जिल्ला अदालतको हुनेछ ।

११. नियम बनाउने अधिकारः– यस ऐनको उद्देश्य कार्यान्वित गर्नको लागि श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

लालमोहर सदर मिति २०१७।२।२०।५ मा

आज्ञाले
कृष्णप्रसाद उपाध्याय
श्री ५ को सरकारका का. मु. सचिव.
कानूनमन्त्रालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ९८०७

श्री ५ को सरकार

## कानून मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर बिक्रम शाहदेवको शासनकालको छैटौं वर्षमा संसदले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

स्वस्तिश्री गिरिराज चक्रचूडार्माण नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपाल तारा अतिओजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इन-चीफ श्री सन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जंग बहादुर शाहबहादुर शमशेर जंगदेवानाम् सदा समरविजयिनाम् ।

## नेपाल राष्ट्र बैंक ऐनलाई संशोधन गर्न बनेको ऐन,

२०१७ सालको ऐन नं. ८

नेपाल राष्ट्र बक ऐन, २०१२ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवका शासन कालको छैठौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम नेपाल राष्ट्र बैंक (दोस्रो संशोधन) ऐन, २०१७ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को उपदफा (१) को खण्ड (ङ) मा रहेको "विधान सभाको सदस्य मुकरर भएको" भन्ने शव्दहरूको सट्टा "संसदको सदस्य भएको" भन्ने शव्दहरू राखिएको छ ।

३. मूल ऐनको दफा १८ मा संशोधनः मूल ऐनको दफा १८ को उपदफा (१) र (२) को सट्टा निम्नलिखित उपदफा (१), (२), (३) र (४) राखी साविकको उपदफा (३), (४), (५), (६), (७), (८) र (९) लाई क्रमशः उपदफा (५), (६), (७), (८), (९), (१०), र (११) गरी मिलाइएको छ ।

(१) नेपाली नोट निष्काशन गर्ने एकाधिकार नेपाल राष्ट्रबैंकलाई हुनेछ र नेपालराष्ट्र बैंकले आफैं नोट छापी वा आफैंले नोट छाप्नुभन्दा पहिले श्री ५ को सरकारले छापी राखेको निष्काशन गर्न बांकी संपूर्ण नोट श्री५को सरकारबाट लिई निष्काशन गर्नेछ। दायित्व बढ्ने गरी नोट निष्काशन गर्न श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ । श्री ५ को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ९८९

सरकारले निष्काशन गरिसकेको नोटको दायित्व तथा सुरक्षण (रिजर्भ) वापत रहेको सम्पत्ति पनि नेपाल राष्ट्र बैंकमा सारिनेछ र श्री ५ को सरकारले आफैं नोट निष्काशन गर्ने छैन ।

तर– श्री ५ को सरकारले निष्काशन गरिसकेको वा नेपाल राष्ट्रबैंकले श्री ५ को सरकारबाट लिई वा आफले छापी निष्काशन गरेको नोटको भुक्तानी राष्ट्रबैंकले दिन नसकेमा तत्सम्बन्धी जवाफदेही श्री ५ को सरकारको हुनेछ ।

(२) उपदफा (१) बमोजिम नेपाली नोट निष्काशन गर्दा सुरक्षण राखीमात्र निष्काशन गरिनेछ र निष्काशित नोटको दायित्व र नोट विभागमा रहने त्यस्तो सुरक्षण वापतको सम्पत्तिको मुल्य वरावर हुनेछ तथा सुरक्षण वापत नोट विभागको सम्पत्तिको कमसेकम५०प्रतिशत सुन र। वा चांदी, र। वा विदेशी मुद्रा, र। वा विदेशी सिक्यूरिटी, र। वा विदेशी बिल आफ एक्सचेंजमा र अरू बांकी प्रतिशत श्री ५ को सरकारको नेपाली सिक्का (मोहर डबल मात्र) र। वा नेपाली सिक्यूरिटीमा राखिनेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि सम्पत्तिको मूल्यांकन देहाय बमोजिम हुनेछः–

(क) सुन तोला १ के ने. रु. १०० को दरमा ।

(ख) विदेशी मुद्रा दफा २१ बमोजिम निर्धारित दरमा ।

(ग) चांदी, नेपाली तथा विदेशी सिक्यूरिटी र बिल अफ एक्सचेंज बजार दर हेरी संचालक समितिले मनासिव ठहराएको दरमा ।

(घ) नेपाली सिक्का अंकित दर (फेस भैलू) मा ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकार वा नेपाल राष्ट्र बैंकले निष्काशन गरेको जुनसुकै नोट पनि निष्काशित भएको वर्षको आर्थिक साल शुरूको हिसाबले पच्चीस वर्षको अवधिभित्र भुक्तानीको निमित्त नेपाल राष्ट्र बैंकमा दाखिल हुन नआएमा सो नोट चलन चल्तीबाट लोप भएको मानिनेछ र त्यसको सट्टामा त्यत्ति नै मूल्य श्री ५ को सरकारले निष्काशन गरेको नोट भए श्री ५ को सरकारलाई र नेपाल राष्ट्र बैंकले निष्काशन गरेको नोट भए सोही बैंकको बकिङ्ग विभागलाई नोट विभागले बुझाई दिनेछ। यसरी चलन चल्तीबाट लोप भएको भनी मानिएको कुनै नोट कदाचित् भुक्तानिकोनिमित्त दाखिल भएमा अघि श्री ५ को सरकार वा नेपाल राष्ट्र बैंकको बैंकिङ्ग विभाग जहाँ त्यसको मूल्य बुझाएको हो सोहीबाट फिर्ता लिई नेपाल राष्ट्र बैंकको नोट विभागले भुक्तानी दिनेछ ।

४. <u>मूल ऐनको दफा २१ मा संशोधनः</u> दफा २१ को "विदेशी मुद्रा नियन्त्रण गर्ने बारे बैंकको राय लिई श्री ५ को सरकारले नियम बनाई जारी गर्नेछ" भन्ने अन्तिम वाक्य झिकिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. मूल ऐनको दफा २३ मा संशोधनः मूल ऐनको दफा २३ को उपदफा (३) को खण्ड (ग) पछि निम्नलिखित खण्ड (घ) थपिएको छः-

(घ) नगरपालिकाः क्षेत्र भित्रको घर गोदाम ।

६. मूल ऐनको दफा २५ मा संशोधनः मूल ऐनको दफा २५ को –

(क) खण्ड (५) को शुरूमा रहेको "कृषि" शव्द झिकिएको छ ।

(ख) खण्ड (९) पछि निम्नलिखित खण्ड (१०) थपिएको छ र साविकको खण्ड (१०), (११), (१२) (१३), र (१४) लाई क्रमशः खण्ड (११),(१२),(१३),(१४) र (१५) गरी मिलाइएको छ ।

(१०) सेफ डिपोजिट भल्ट (Safe Deposit Vault) राख्ने ।

७. खारेजीः मूल ऐनको दफा ३१ खारेज गरिएको छ ।

लालमोहर सदर मिति २०१७।२।२०।१

आज्ञाले-
कृष्णप्रसाद उपाध्याय,
श्री ५ को सरकारका का. मु. सचिव,
कानून मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।